दुर्घटनामा परेर जीवनमरणको दोसाँधमा सुनार

प्रेम सुनार/भोजेन्द्र नेपाली
बुटवल

घरको चरमा गरिबीका कारण परिवार चलाउने खर्च कमाउना भारत पुगेका गुल्मीका एक व्यक्ति भारतमै सडक दुर्घटनामा परेर गत पाँच महिनादेखि यता जीवनमरणको दोसाँधमा छन् । जिल्लाको गुल्मीदरबार गाउँपालिका-४ बिरवास बाँसखर्क गाउँका ४४ वर्षीया गोपाल सुनार गत १५ अगस्टका दिन भारतको हरियाणमा सडक दुर्घटनामा परेयता जीवनमरणको दोसाँधमा रहँदै आएका हुन् ।

ट्रेनबाट लडेर टाउँको र हात खुट्टामा गम्भीर चोट लागेका सुनार भारतमा उपचार गर्ने उपाय नभएपछि परिवारजनले उनलाई घरतर्फ ल्यायो । विपन्न परिवार घरमा झन उपचार खर्च जुटाउने उपाय के नै हुन्थ्यो र ? अन्ततः यति बेला उनको जीवन रक्षार्थ त्यो परिवार सबैसँग सहयोगको हात फैलाउँदै आएका छन् ।

बुटवलका आलिशान महलहरु छिचोल्दै हामी गोलपार्क नजिकै चिडियाखोलाको स-साना झुपडीहरुतर्फ लाग्यौं । जहाँ गरिबीभन्दा दर्दनाक थियो एक परिवारको विपद्को कथा । एउटा साँगुरो कोठामा एक जना व्यक्तिको अवस्था नियाल्दा निकै करुणा जाग्यो । थातै दिसापिसाब भएर लडेका उनी रैछन्-गुल्मीको गुल्मीदरबार गाउँपालिका-४ बिरवास बाँसखर्क गाउँका ४४ वर्षीय गोपाल सुनार । खानपिन उनलाई पाइपको माध्यमबाट गराइदोरहेछ । उनको टाउँकाको आधा भाग कुनै भत्केको सडकको खाडल जस्तै छ ।

आज भन्दा ४ वर्ष अघिदेखि उनी भारतको हरियाणको एक होटलमा काम गर्दै आएका थिए । जसबाट यता घर परिवार धानिएको थियो । श्रीमती र एक छोरा उतै राखेर बसेका थिए । त्यही क्रममा घरमा आमा सिकिस्त भएर उपचार गराउन भारत लगेको बेला दुर्भाग्य कस्तो भने उपचार गरिदेला भन्ने छोरा गोपाल नै गत १५ अगस्टका दिन नै ट्रेन बाट खसेर सडकमा मृत प्रायः भेटिए । त्यसयता सुरु भयो त्यो परिवारको बिचल्ली ।

भारतका मालिकहरुलाई नेपालीहरुको हातपाखुरा प्यारो । गोपाल सुनारको हातपाखुरा हुने बेलासम्म काम लिए जब उनी दुर्घटनामा परेर हातपाखुरा गुमाए तब भने मान्छे मरोसकी कुकुर मरोस भन्ने उनीहरुले प्रवृत्ति देखाए । दशवटा हजार फाल्दिए यहाँ उपचार गर्न सक्दैनौं, घर जाउ भनरे होटल मालिकले भने पछि उनीहरु गत मंसिर महिनामा फर्किए । कतै उपाय नभएपछि उनकी श्रीमती सरिता सुनारले बुटवलस्थित श्रीमान गोपालकी बहिनी सरु सुनारको कोठामा शरण मागिन । होटल मालिको त्यो निर्दयी व्यवहारबारे बताउँदै श्रीमती सरिता सुनार सबैसँग सहयोगको याचना गर्छिन् ।

भारतमा रहेका प्रवासी संगठनले ३५ हजार सहयोग गरे । त्यहाँ भएका सारा आफन्त र अन्य दयावानहरुले सहयोग गरे । यता गुल्मीदरबार गाउँपालिकाले २५ हजार सहयोग रकम भारतमै पठायो । श्रीमान बचाउन श्रीमती सरिता सडकमा चन्दा माग्दै हिंड्ने । अधिकांश चन्दाकै भरमा करिब २५ लाख खर्च गरेर मृत्यु हुनबाट जोगाउँदै आएकी उनी बुटवल आएदेखि अकल्गुम छन् । केही उपाय नभएपछि सञ्चार माध्यम गुहारे सबैसँग सहयोगको याचना गर्न चाहेको घाइते सुनारकी बहिनी सरु सुनार बताउँछिन् ।

कति चोटमाथि चोट भने यता १२ वर्षीय छोरा सुवास सुनार जण्डिसको बिरामी परे । यता श्रीमानको त्यो हालत छ । गला अवरुद्ध पार्दै श्रीमती सरिता सबैसँग सहयोगको अपिल गर्छिन् । परिवारले याचना गर्दै गोपाल सुनारलाई नवजीवन सहयोग माग गरेका छन् । सहयोगदाताले पीडित परिवारको मोबाइल नम्बर ९७६२७३७८८९ वा ९७४९९०८०१७ सम्पर्क राख्न सक्नेछन् ।

मौलिकता जोगाउने सडक खाना महोत्सव

लुम्बिनी संवाददाता
बुटवल

राष्ट्रको आर्थिक विकासको प्रमुख मेरुदण्ड मानिने पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास गर्ने उद्देश्यले विगतका वर्षमा जस्तै यस वर्ष पनि होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ रुपन्देहीले चौथो 'बुटवल सडक खाना महोत्सव-२०७९' गर्ने भएको छ ।

अतिथि देवो भव, 'नेपाली मौलिक कला संस्कृति तथा खानपानका पतिकार हाम्रो शान, आन्तरिक पर्यटन प्रवर्द्धन र रोजगारीको सृजना हाम्रो अभियान' भन्ने नाराका साथ आयोजना गरिएको सडक खाना महोत्सवको तयारी पूरा भएको बिहीबार आयोजक संस्था होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देही, बुटवलले पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराएको छ । उक्त महोत्सवले यस क्षेत्रको पर्यटन विकास, कला संस्कृति र मौलिक खानपान परिकारको प्रचारप्रसारका साथै बजारीकरणलगायतमा टेवा पुग्ने विश्वास लिएको आयोजकले बताएको छ ।

बुटवल उप-महानगरपालिका वडा नं.-९ कालिका पथको तिनकुनेदेखि उत्तरतर्फ नयाँ बसपार्क सम्मको सडकमा यही पुस १५, १६ र १७ गतेसम्म तीन दिनसम्म सञ्चालन हुने जनाइएको छ । महोत्सवमा यस क्षेत्रमा सञ्चालित होटल तथा रेष्टुरेण्टहरुबाट उत्पादित विभिन्न परिकाहरुका साथै जिल्लाभित्र र बाहिर विभिन्न जातजातिका खानाका परिकारको प्रदर्शनी तथा बिक्रीवितरण एवं राष्ट्रिय तथा स्थानीय कलाकारहरुको समेत प्रस्तुति राखिने पत्रकार सम्मेलनमा उल्लेख गरिएको थियो ।

अंग्रेजी नयाँ वर्षको अवसर पारेर संघको आयोजनमा ०७५ सालदेखि सुरु गरिएको सडक खाना महोत्सव ०७६ सालमा पनि भव्यरुपमा सम्पन्न गरिएको थियो । तर, ०७६ चैतदेखि विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण महोत्सव हुन सकेको थिएन । कोरोनाको प्रभाव विस्तारै घट्दै गएपछि पुनः ०७९ बैशाख १ गते एकदिने तेम्रो कला संस्कृति तथा खाना महोत्सव बुटवलको हिलपार्क उद्यान परिषद्मा गरिएको थियो ।

अहिले लगाउन थालिएको स्थान भने, फेरिएको छ । पहिले कालिका पथअन्तर्गत पर्ने तीनकुनेदेखि होराइजन चोक सम्म लगाइएको थियो भने, हाल नयाँ बसपार्कदेखि तिनकुनेसम्म आयोजना गरिएको बताइएको छ । जसले गर्दा बुटवलको कालिका पथलाई उज्यालो शहरको रुपमा विकास गर्दै रात्रिकालिन व्यवसाय सञ्चालन गर्न खाना महोत्सव कोसेढुङ्गा सावित हुने अपेक्ष गरिएको होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष रामप्रसाद गौतमको भनाइ छ । पहाडी जिल्लाहरुको प्रमुख शहर मानिने बुटवलमा पछिल्लो समय निर्माणाधीन अवस्था रहेका दुईवटा केबुलकार, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रर्दशनी स्थल लगायतका भौतिक संरचनाको तिव्र विकासमा खाना महोत्सवले थप आन्तरिक तथा बाह्य आगन्तुक पर्यटकहरु भित्रिने र यहाँको सबैको क्षेत्रहरुको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

चौथो खाना महोत्सवका लागि अस्थायी टेन्ट संरचनामा विद्युत्, खानेपानी, सरसफाइलगायत व्यवस्थापनमा करिब २५ लाखभन्दा बढी खर्च हुने अनुमान गरिएको र विभिन्न प्रकृतिका १ सय वटा स्टलहरु राखिने आयोजकले जानकारी दिएको छ । साँझ ६ बजेदेखि राति १२ बजेसम्म सञ्चालन हुने महोत्सव अवधिभर करिब १ करोड बराबरको आर्थिक कारोबार हुने र १ लाखभन्दा बढी दर्शकहरुले अवलोकन गर्ने लक्ष्य रहेको छ । महोत्सव शुक्रबार उद्घाटन गरिने छ । विभिन्न जातजातिको साँस्कृतिक पहिचान झल्किने झाँकीसहितको च्याली निकालिने र बजार परिक्रमा गरिने छ । खाना महोत्सवको उद्घाटन उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बेलुका ५ बजे गर्ने कार्यक्रम तय भएको आयोजकले जनाएको छ ।

महोत्सवलाई व्यवस्थित गराउन २३ वटा विषयगत उप-समिति गठन गरिएको छ । सडक खाना महोत्सवको पर्यटन ग्रामीण तथा शहरी विकास मन्त्रालय पर्यटन परिषद् सह-आयोजक, बुटवल उप-महानगरपालिका प्रवर्द्धक रहेको छ । मुख्य प्रायोजकको रुपमा गोर्खा ब्यूअरी छ भने, सह-प्रायोजकमा सागर डिष्टीलरी प्रा.लि. र होटल एभरेष्ट इन हस्पिटालिटी पार्टनरमा रहेको छ ।

सूचना

श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि. सिद्धार्थनगर-१२, रुपन्देहीको साधारण सभा तथा अधिवेशनमा हुने निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको सुचना पाटीमा टांस भएको तालिका अनुसार मिति २०७९/०९/१७ गते देखि नै सुचारु हुने भएको हुँदा जानकारी लिन चाहाने इच्छुक शेयर सदस्य ज्यूहरुले यस संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि.
सि.न.पा.-१२ देवकोटा चोक (एस.आर. कम्प्लेक्स)

सुस्तमनःस्थिति विद्या मन्दिरमा सहयोग

बुटवल । लुम्बिनी फलपुल तरकारी थोक व्यवसायी संघले १६औं वार्षिक साधारणसभा तथा छैठौ अधिवेशनको अवसर पारेर सुस्तमनःस्थिति बाल विद्या मन्दिरमा सहयोग गरेको छ ।

बिहीबार एक कार्यक्रममको आयोजना गरी सुस्तमनःस्थिति बाल विद्या मन्दिरमा स्टेशनरी, फलफूल तथा जिन्सी सामान सहयोग गरेको हो ।

संघका अध्यक्ष बाबुराम भुषाल, संस्थापक अध्यक्ष तथा बुटवल कृषि उपज थोक बजार केन्द्र सञ्चालक समितिका अध्यक्ष गोपाल भुषाल, वरिष्ठ उपाध्यक्ष मोहम्द याकुव, महासचिव मेघनाथ पौडेल, सचिव मोहम्द अनिष राईन, कोषाध्यक्ष मनिष बर्णवाललगायतको सहभागितामा सुस्तमनःस्थिति विद्या मन्दिरका अध्यक्ष लोकनाथ भुषालमार्फत् विद्यार्थीहरुलाई उक्त सामग्री प्रदान गरिएको हो ।

विद्या मन्दिरका कोषाध्यक्ष चन्द्रमान श्रेष्ठ, सदस्य खेमप्रसाद गौतम, शेरबहादुर गौतम, प्रधानाध्यापक मीना भुषाल पाठक, सुमित्रा टण्डन क्षेत्रीलगायतकको सहभागितामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा बोल्दै लुम्बिनी फलफूल तरकारी थोक व्यवसायी समितिका अध्यक्ष बाबुराम भुषालले आगामी दिनमा पनि संस्थाले नियमित रुपमा सहयोग गर्ने बताएका थिए ।

डीएसपी.....

सुन व्यापारीहरूसँग रकम असुली गरेको सूचनापछि केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले उनलाई आइतबार साँझ निवासबाट पक्राउ गरेको थियो । उनको घरबाट ३५ तोला सुन, १८ लाख रुपैयाँको चेक बरामद भएको थियो ।

गत मंसिरमा बुटवलका एक व्यापारीले ल्याएको सुन नियन्त्रणमा लिएर आफैंले राखेको सूचना पाएपछि प्रहरी प्रधान कार्यालयले उनीमाथि छानबिन सुरु गरेको थियो । व्यापारीले २५ लाख रुपैयाँ बुझाए पनि सुन फिर्ता लिन नपाउँदै केसीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय कास्कीमा सरुवा भएका केसी सोमबार रमाना लिएर जाने तयारीमा थिए । उनी करिब १३ महिनाअघि बुटवल आएका थिए ।

आए नयाँ डीएसपी

इलाका प्रहरी कार्यालय बुटवलको प्रमुखमा डीएसपी दानबहादुर थापा आएका छन् । केन्द्रीय अनुसन्धान ब्यूरोमा कार्यरत थापा मंगलबार हाजिर भएका हुन् । बरामद भएको सुन मुद्दा प्रक्रियामा नलगी घुस बार्गेनिङ गरेको अभियोगमा पक्राउ परेका इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी ठगबहादुर केसी निलम्बनमा परेकै दिन थापा हाजिर भएका हुन् ।

लोकमानसिंह कार्की अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख हुँदा थापा उनको पिएसओ थिए । त्यसबेला उनी इन्स्पेक्टर थिए । अख्तियार प्रमुख कार्कीको दबदबा भएका बेला उनलाई प्रयोग गरी आफूभन्दा सिनियर धेरैलाई उछिन्ने डीएसपीमा बढुवा हुन सफल 'भाग्यमानी' डीएसपीको रुपमा थापालाई चिनिन्छ ।

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रारम्भिक वातावरणीय परीक्षण IEE सम्बन्धी सार्वजनिक सुचना

प्रथम पटक प्रकासित मिति : २०७९।०९।१५

भूमिकास्थान नगरपालिकाका विभिन्न वडाहरुमा पर्ने निम्नानुसारको खोलाहरुबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टि, वालुवा, ग्राभेल) संकलन/उत्खनन गर्न प्रारम्भिक वातावरणी परीक्षण IEE प्रतिवेदन तयार गर्ने शिलशिलामा वातावरण सरक्षण ऐन, २०७६र वातावरण सरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण IEE अध्ययन गनुपर्ने भएकाले उक्त प्रस्ताव कार्यान्वयन हुने देहायको क्षेत्रहरुमा प्रस्तावित कार्यवाट पर्न सक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक एवं सास्कृतिक वातावरणमा के कस्तो असर पर्ने हो? सो को रायसुझाव यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र लिखित रुपमा तपसिलमा उल्लेखित ठेंगानामा उपलब्ध गराउनुहुन सम्बिन्धत वडा कार्यालय, विद्यालय, अस्पताल, सघं सस्थांहरु, बुद्धिजीवि र अन्य सरोकारवालालाई अनुरोध छ ।

अध्ययन गरिने खोलाहरु

खाकाबेसी खोला र दुर्वाङ्ग खोला

राय सुझाव उपलब्ध गराउने ठेगाना	
प्रस्तावक : भूमिकास्थान नगरपालिका, नुवाकोट,अर्घाखाँची सम्पर्क नं : ९८५७०६९९८१ इमेलः bhumikasthanmunicipality@gmail.com	परामर्शदाता बाणगंगा अनुसन्धान विकास संस्था, नेपाल सम्पर्क नं ९८४९६७७५०९ इमेल : bangangabrinepal@gmail.com

Dhurkot Rural Municipality
Office of theRural Municipal Executive
Barbot, Gulmi
Lumbini, Province, Nepal

Invitation for Bids

First Date of publication: 2022-12-30

1. DhurkotRural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

S. N	Contract Identification Number	Works of description	Bid Security amount Nrs	Estimated amount with VAT	Bid Security Validity Period	Bid document fee Nrs
1	ODRM-Gulmi-W-NCB-09-079/80	Construction Work of Historical Dhurkot Durbar Area at Dhu. Ga.Pa.-06,Rajasthal ,Gulmi	3,70,000	14,509,969.37	120 days	3,000

2. Date of purchasing, submission and opening of above mentioned bid is :

Last date of submission of bid	Date of opening of bid	Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata)	Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 SthaniyaTaha Dharauti Khata)
2023-1-29, 12:00 PM	2023-1-29, 13:00 PM	Sunrise Bank Ltd, BarbotGulmi 0910501307703007	Sunrise Bank Ltd, BarbotGulmi 0910501307701002

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office ofDhurkot Rural Municipality and for further information contact on 9857067917, 9843589271, 9867712399.

Chief Administrative Officer

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297